## सिद्ध कुमाख गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

### ढोरचौर, सल्यान

### कर्णाली प्रदेश, नेपाल

प.स. २०८१।८२

च.न.

मिति २०८१/११/१९ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्धारा प्रस्तवित एजेण्डा :

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।

२. प्रदेश समपुरक अनुदान योजना माग सम्बन्धमा ।

३. प्रदेश विशेष अनुदान योजना माग सम्बन्धमा ।

४. अधिकृत (सातौं तह) नियुक्ति तथा पदस्थापना सम्बन्धमा ।

५. दलित लक्षित गुडिया बुनाई तालिम साझेदारी सम्बन्धमा ।

६. दलित लक्षित कार्यक्रम बाँडफाँड सम्बन्धमा ।

७. विविध ।

**प्रस्ताव नं १ अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।**

**निर्णय नं १:**

यस अघि मिति २०८१/११/०४ गते बसेको गाउँ कार्यपालिकाको दशौं बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल गरि समिक्षा गरियो।

**प्रस्ताव नं २ प्रदेश समपुरक अनुदान योजना माग सम्बन्धमा ।**

**निर्णय नं २:**

कर्णाली प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०८१।११।०७ गते प्रकाशित सुचना अनुसार आगामी आव २०८२।८३ का लागि कार्यान्वयन हुने प्रदेश समपुरक अनुदानका देहायको योजना तथा कार्यक्रमहरुको प्रस्ताव माग गरि पठाउने निर्णय गरियो ।

| प्राथमिकीकरण नं | योजना/ कार्यक्रम | कुल लागत प्रस्तावित रकम |
|---|---|---|
| १ | १ नं वडा कार्यालय भवन निर्माण | १ करोड ५० लाख |
| २ | झारगाँउ माझखर्क उचाल्ने सडक स्तरोन्नती | २ करोड |
| ३ | चाख्लिघाट-त्रिवेणी-भडारे हुदै गोलटाकुरी कालालेख सडक स्तरोन्नती | २ करोड |

**प्रस्ताव नं ३ प्रदेश बिशेष अनुदान योजना माग सम्बन्धमा ।**

**निर्णय नं ३:**

कर्णाली प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०८१।११।०७ गते प्रकाशित सुचना अनुसार आगामी आव २०८२।८३ का लागि कार्यान्वयन हुने प्रदेश बिशेष अनुदानका देहायको योजना तथा कार्यक्रमहरुको प्रस्ताव माग गरि पठाउने निर्णय गरियो ।

| प्राथमिकीकरण नं | योजना/ कार्यक्रम | कुल लागत प्रस्ताव रकम |
|---|---|---|
| १ | नेपाल राष्ट्रिय मावि घेरबार योजना | ६० लाख |
| २ | महेन्द्र आदर्श मावि फिल्ड स्तरोन्नती तथा घेरवार | ६० लाख |
| ३ | निराजन मावि फिल्ड स्तरोन्नती | ६० लाख |

**प्रस्ताव नं ४ अधिकृत (सातौ तह) नियुक्ति तथा पदस्थापना सम्बन्धमा ।**

**निर्णय नं ४:**

कर्णाली प्रदेश लोक सेवा आयोगको मिति २०८१/११/१८ आ.व. २०८१/८२ च.न. ४७८ को सिफारीस पत्र बमोजिम यस गाउँपालिका अन्तर्गत तपसिलका कर्मचारी सिफारिस भै आएकोले **कर्णाली प्रदेशको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१"** को दफा १५ उपदफा (१) बमोजिम मिति २०८१/११/१८ देखि लागु हुने गरी नियुक्ति तथा पदस्थापना गर्ने निर्णय गरियो ।

| सि न | नाम थर | पद | तह | सेवा/समुह |
|---|---|---|---|---|
| १ | जनक राज जोशी | लेखा अधिकृत | सातौं | प्रशासन/लेखा |

**प्रस्ताव नं ५ दलित लक्षित गुडिया बुनाई तालिम साझेदारी सम्बन्धमा।**

**निर्णय नं ५:**

सिद्ध कुमाख गाउँपालिका र उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय सल्यान सँगको संयुक्त साझेदारीमा संचालन हुने गरी सिद्ध कुमाख गाउँपालिकाका सबै वडा समेटेर दलित लक्षित गुडिया बुनाई तालिम संचालन गर्ने र उक्त कार्यक्रमका लागी गाउँपालिकाको हिस्सा दलित लक्षित कार्यक्रम शिर्षकबाट रु २ लाख रकम विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ६ दलित लक्षित कार्यक्रम सम्बन्धमा।**

**निर्णय नं ६:**

चालु आर्थिक वर्ष २०८१/८२ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार गाउँपालिकाबाट दलित लक्षित कार्यक्रमका लागि विनियोजित रु ३ लाख रकम देहायका कार्यक्रममा बाँडफाँड गरी खर्च गर्ने निर्णय गरियो ।

क. सिलाई मेसिन मर्मत तालिम – ३ लाख

ख. दलित लक्षित गुडिया बुनाई तालिम साझेदारी कार्यक्रम – २ लाख ( उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय सल्यान)